नेपाली कम्युनिष्ट पार्टी
Nepali Communist Party
केन्द्रीय कार्यालय | Central Office

पत्र संख्या : २०८२/०८३
चलानी नं. : १६

मिति : २०८२ पुष ४

विशेष सर्कुलर - १

प्रिय कमरेडहरू,

विभिन्न कम्युनिष्ट तथा समाजवादी पार्टीहरूबिच एकता गरी नेपाली कम्युनिष्ट पार्टी गठन भएपछि आयोजना गरिएका पार्टी एकता स न्देश सभाका कार्यक्रहरू सानदार रूपमा सफल भएका छन् । कार्यक्रम सफल बनाउन खट्नुहुने सबै कमरेडहरूलाई हार्दिक धन्यवाद छ । एकता सन्देश सभाका कार्यक्रहरू जारी राख्दै निर्वाचनसम्बन्धी केही काम तत्काल गर्नुपर्ने भएको छ । मुख्यत : वस्तुस्थितिको आँकलन र आगामी माघ ११ मा हुने राष्ट्रिय सभाको निर्वाचन तथा फागुन २१ मा हुने प्रतिनिधि सभाको निर्वाचनमा पार्टीले उठाउने उम्मेदवारहरूको सिफारिस चाँडै गर्नुपर्ने छ । पार्टी समितिहरूको समायोन नभइसकेको हुनाले एकतामा सामेल घटकहरूका प्रदेश र जिल्लामा रहेका जिम्मेवार कमरेडहरूबिचको सरसल्लाह र सहमतिमा निम्न मापदण्ड र संख्यामा यही पुष ११ गतेभित्र सिफारिस गरिसक्न निर्देशन गरिन्छ ।

१. उम्मेदवारको योग्यता र मापदण्ड

आगामी माघ ११ मा हुने राष्ट्रिय सभाको निर्वाचन तथा फागुन २१ मा हुने प्रतिनिधि सभाको निर्वाचनमा पार्टीले उठाउने उम्मेदवारहरूको योग्यता र मापदण्ड निम्नानुसार हुनु पर्नेछ :

(क) आधारभूत कानुनी योग्यता :

- प्रतिनिधि सभा उम्मेदवारको लागि २५ वर्ष र राष्ट्रिय सभाको उम्मेदवारको लागि ३५ वर्ष उमेर पूरा भएको नेपाली नागरिक हुनुपर्ने ।
- मतदाता नामावलीमा नाम दर्ता भएको हुनुपर्ने ।
- संविधान र कानुनले अयोग्य मान्ने हुन नहुने ।
- राष्ट्रिय सभा, प्रदेश सभा, स्थानीय तहका पदमा वहालवाला हुन नहुने ।

(ख) आर्थिक स्वच्छता र पारदर्शिता :

- अदालतले भ्रष्टाचारमा दोषी ठहर गरी सजाय तोकेको हुन नहुने ।
- कर, राजस्व र सम्पत्तिको स्रोत पारदर्शी हुनुपर्ने ।
- कुनै पनि प्रकारको कालो सूचीमा नरहेको हुनुपर्ने ।
- सम्पत्ति र आय स्रोतको घोषणा गर्न तयार हुनुपर्ने ।
- कुनै कारोबारमा संलग्न भए कर/राजस्वमा अद्यावधिक भएको हुनुपर्ने ।
- निर्वाचन आयोगले तोके अनुसार स्वघोषणा गर्न तयार हुनुपर्ने ।
- पार्टीको आर्थिक अनुशासन पालना गरेको हुनुपर्ने ।

(ग) सामाजिक आचरण र व्यवहार :

- सामाजिक आचरण र व्यवहार असल एवम् स्वच्छ हुनुपर्ने ।
- जातीय, लैंगिक, धार्मिक, भाषिक वा कुनै सामाजिक भेदभाव सम्बन्धी अपराधमा दोषी ठहर भएको हुन नहुने ।
- घरेलु हिंसा, बालश्रम, मानव बेचबिखन, यौन उत्पीडनजस्ता नैतिक पतन देखिने मुद्दामा दोषी ठहर भएको हुन नहुने ।

(घ) राजनीतिक तथा वैचारिक प्रतिबद्धता :

- राजनीतिक तथा वैचारिक रूपमा स्पष्ट र प्रतिवद्ध हुनुपर्ने ।
- पार्टीको नीति तथा कार्यक्रमप्रति प्रतिबद्ध हुनुपर्ने ।
- आन्दोलनमा निरन्तरता र योगदान गरेको हुनुपर्ने ।
- सामाजिक रूपमा प्रतिष्ठित हुनुपर्ने ।
- जनतामा लोकप्रिय हुनुपर्ने ।

२. उम्मेदवारको सिफारिस

(क) उम्मेदवारहरू सिफारिस गर्दा माथि उल्लेख गरिएका योग्यता र मापदण्डको साथै निम्न विषयमा ध्यान दिनुपर्ने छ :

- विषयगत अध्ययन, अनुभव र विज्ञता हुनुपर्ने ।
- नीति निर्माण र कार्यान्वयन क्षमता हुनुपर्ने ।
- सार्वजनिक संवाद कला हुनुपर्ने ।
- राजनीतिक, सांगठनिक अनुभव हुनुपर्ने ।
- विभिन्न संघर्षमा योगदान तथा अनुभव हुनुपर्ने ।

३. सिफारिस गर्ने सङ्ख्या

प्रत्यक्ष, समानुपातिक र राष्ट्रिय सभाका उम्मेदवारको सिफारिस निम्नानुसारको सङ्ख्यामा गर्नुपर्ने छ ।

(क) प्रत्यक्षतर्फ

- हरेक निर्वाचन क्षेत्रबाट कम्तिमा एक जना जेन-जी युवा र एक महिलासहित बढीमा ५ जना सिफारिस गर्ने ।
- सिफारिस भएको उम्मेदवार यसअघि निर्वाचित जनप्रतिनिधि भए नभएको खुलाउने ।
- सिफारिस गर्दा लोकप्रिय र जित्ने उम्मेदवारलाई प्राथमिकतामा राख्ने ।

(ख) समानुपातिकतर्फ

- एक मात्र निर्वाचन क्षेत्र भएको जिल्लाबाट कम्तीमा २ महिलासहित ४ जना सिफारिस गर्ने ।
- एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाबाट प्रत्येक निर्वाचन क्षेत्रबाट थप २ जना सिफारिस गर्ने ।
- सम्पर्क समन्वय प्रदेशले २ महिला २ पुरूष गरी ४ जना सिफारिस गर्ने ।

- उपत्यका विशेष प्रदेशले २ महिला २ पुरूष गरी ४ जना सिफारिस गर्ने ।
- प्रवास प्रदेशले २ महिला २ पुरूष गरी ४ जना सिफारिस गर्ने ।
- जनवर्गीय संगठन र मोर्चाको केन्द्रीय समितिले २ महिला २ पुरूष गरी ४ जना सिफारिस गर्ने ।
- संविधान तथा प्रचलित कानुनले तोकेबमोजिम महिला, दलित, जनजाति, मधेसी, थारू, मुस्लिम, अपांगता, पिछडिएको क्षेत्र, अल्पसंख्यक आदि क्लस्टरलाई ध्यान दिँदै सिफारिस गर्ने ।
- शहीद परिवार, वेपत्ता परिवार, द्वन्द्व-पीडित, घाइते, अपांगता भएका तथा आर्थिक रूपले विपन्न वर्गलाई प्राथमिकतापूर्वक सिफारिस गर्ने ।
- एकै परिवारका एकभन्दा बढी व्यक्तिलाई सिफारिस नगर्ने ।

(ग) राष्ट्रिय सभातर्फ

- राष्ट्रिय सभाको उम्मेदवारको सिफारिस प्रदेश र प्रतिनिधि सभाको समानुपातिक र प्रत्यक्षको सिफारिस जिल्ला तहबाट गर्ने ।

(घ) सिफारिस सम्बन्धमा

- राष्ट्रिय सभाका लागि प्रदेशले यस पटक निर्वाचन हुने प्रत्येक क्लष्टरबाट बढीमा ५-५ जना सिफारिस गर्ने ।

४. बस्तुगत अवस्थाको आङ्कलन र रिपोर्टिङ

पार्टी समितिहरूले तत्काल तपसिल बमोजिम निर्वाचन क्षेत्रको बस्तुगत अवस्थाको आङ्कलन गरी पार्टी केन्द्रीय कार्यालयमा रिपोर्ट गर्नुपर्नेछ ।

- २०७९ को निर्वाचनमा प्राप्त समानुपातिक मत
- स्थानीय तह निर्वाचन २०७९ मा वडा अध्यक्षहरूले पाएको मत
- नयाँ उदय भएका पार्टीहरूको अवस्था के छ ?
- स्थापित राजनीतिक पार्टीहरुको अवस्था के छ ?
- एक्लै जित्न सक्ने अवस्था के छ ?
- स्थानीय रूपमा अन्य पार्टीसँग हाम्रो पार्टीको सम्बन्ध कस्तो छ ?
- राष्ट्रिय तथा स्थानीय मुद्दाहरू के के हुन सक्छन् ?
- निर्वाचन जित्न अपनाउनुपर्ने रणनीति के के हुनसक्छ ?
- पार्टीमा जेन्जी, युवा तथा कार्यकर्ताहरूको संगठनात्मक अवस्था र परिचालन कस्तो छ ?

माथि उल्लेख भए अनुसार वस्तुगत अवस्थाको आङ्कलन र उम्मेदवारहरूको सिफारिस सम्बन्धि सबै कामको रिपोर्ट २०८२ पौष ११ गतेसम्म केन्द्रीय कार्यालयमा पठाइसक्नु पर्नेछ । धन्यवाद !

माधवकुमार नेपाल
सह-संयोजक

पुष्पकमल दाहाल 'प्रचण्ड'
संयोजक